दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ४१ | बुटवल | २०८१ माघ २२, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Feb. 04, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## बुटवलका सडकमा छाडा गाई र साँढेको राज !



बुटवलको मुख्य राजमार्गसहित देवीनगर-शान्तिचोक सडक खण्डका ठाउँ-ठाउँमा हरेक दिनजसो छाडा गाई र साँढेको हुलले सवारी दुर्घटनाको जोखिम बढाएको छ। बुटवल उप-महानगरले छाडा चौपाया व्यवस्थापन भएको बारम्बार दाबी गर्दै आए पनि व्यवहारमा समस्या ज्यूँका त्यूँ छ। *तस्विरः दैनिक लुम्बिनी*

## रविसहित १४ जनाविरुद्ध आज मुद्दा दर्ता हुने



बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित १४ जनाविरुद्ध चितवन जिल्ला अदालतमा आज मुद्दा दर्ता हुने भएको छ।

साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था ठगीमा अदालतमा सोमबार मुद्दा दर्ता गर्ने तयारी थियो। तर, वकिलहरूको कार्यव्यस्तताका कारण आज मंगलबार मात्रै रविसहित १४ जनाको मुद्दा दर्ता हुने भएको हो।

सरकारी वकिल कार्यालयले लामिछानेसहित १४ जना र ६ वटा संस्थाविरुद्ध सहकारीको रकम हिनामिना गरेर ठगी गरेको अभियोगसहित मुद्दा दर्ता गर्ने तयारी गरेको छ।

सर्वोच्चका अदालतका न्यायाधीश हरि फुयाँलसहितको उपस्थितिमा चितवनमा आयोजित कार्यक्रममा जिल्ला अदालत र सरकारी वकिल कार्यालयका वकिलहरू सहभागी भएका थिए।

चितवन जिल्ला सरकारी वकिल कार्यालयले यसअघि तथ्यांक नमिलेको भन्दैं पुनः अनुसन्धान प्रक्रिया सकेर प्रतिवेदन पेस गर्न भनेर फाइल प्रहरीको फर्काएपछि प्रहरीले प्रक्रिया मिलाएर सरकारी वकिल कार्यालयमा एक साता अगाडिमात्रै फाइल पठाएको थियो।

प्रहरीले पठाएको अनुसन्धान प्रतिवदेन र तिनका प्रमाणहरुको आधारलाई लिएर सरकारी वकिल कार्यालयले उनीहरुविरुद्ध मुद्दा दर्ता गर्न लागेको हो।

रविसहितलाई ठगी तथा संगठित अपराध कसुरमा मुद्दा दर्ता गर्न लागिएको सरकारी वकिल कार्यालयका एक कर्मचारीले बताए।

विभिन्न सहकारी ठगीसम्बन्धी मुद्दा धरौटी बुझाएका लामिछानेलाई मुद्दा दर्ता भएपछि चितवन झिकाइने छ।

प्रहरीको अनुसन्धानमा ३८ करोड ९ लाख ७९ हजार रुपैयाँ हिनामिना भएको उल्लेख छ। सहकारीबाट विभिन्न कम्पनीमा गएको रकमसमेत गर्दा ५६ करोड २२ लाख ५० हजार हाराहारीमा रकम बिगो कायम हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

सूर्यदर्शन सहकारीमा कास्कीबाट ६५ लाख, स्वर्णलक्ष्मी सहकारीमा काठमाडौंबाट ६० लाख र सुप्रिम सहकारी प्रकरणमा रुपन्देही अदालतबाट १ करोड धरौटी तिरेर लामिछाने छुटेका थिए।

## अध्यादेशविरुद्ध ६६ प्रस्ताव दर्ता

बुटवल। सरकारले ल्याएको अध्यादेशविरुद्ध विपक्षी दलहरूल अहिलेसम्मकै धेरै अविश्वासको प्रस्ताव दर्ता गरेका छन्।

सरकारले सदनलाई बन्धक बनाएर अध्यादेश ल्याएको भन्दै विपक्षीहरूले सरकारले ल्याएको ६ वटै अध्यादेश अस्वीकार गर्नुपर्ने मागसहित प्रतिनिधिसभा र राष्ट्रियसभामा ६६ वटा प्रस्ताव दर्ता गराएका छन्। प्रतिनिधिसभामा ५० र राष्ट्रियसभामा १६ वटा अस्वीकार प्रस्ताव गर्ता भएका छन्। यो अहिलेसम्मकै धेरै प्रस्ताव हो।

अस्वीकार प्रस्ताव दर्ता गर्नेमा विपक्षी दल माओवादी केन्द्र, रास्वपा, एकीकृत समाजवादी, नेमकिपाका सांसद छन्।

संसद्को अधिवेशन भदौ ३१ गते अन्त्य भएको थियो भने हिउँदे अधिवेशन यही माग १८ गते सुरु भएको छ। सरकारले यहीबीचमा अध्यादेश ल्याएको थियो। सबै अध्यादेश माघ १८ गते नै सदनमा पेस भइसकेका छन्।

अब यी अध्यादेशलाई सदनमा निर्णयार्थ पेस गरिनेछ। निर्णयार्थ पेस गर्दा अस्वीकार गर्नुपर्ने माग विपक्षीको छ। संसदीय नियमावलीअनुसार सरकारले ल्याएको अध्यादेश सदनबाट स्वीकृत नभएमा तत्कालै निष्क्रिय हुनेछ। स्वीकृत भयो भने संसद् सुरु भएको मितिले दुई महिना (६०) दिमसम्म सक्रिय हुन्छ। स्वीकृतिका लागि प्रतिनिधिसभामा सत्ता पक्षीय कांग्रेस-एमालेसहितका दलसँग सहजै बहुमत भए पनि राष्ट्रियसभाको हकमा जसपा निर्णायक छ।

५९ सदस्यीय राष्ट्रियसभामा अध्यादेश स्वीकृतिका लागि ३० जना सांसद आवश्यक पर्छ। हाल राष्ट्रियसभामा कांग्रेसका १६, एमालेका ११ गरी २७ जना छन्। तीन जना सांसद भएको जसपाले साथ दिएको अवस्थामा अध्यादेश सहजै पारित हुनेछ। अर्कोतर्फ विपक्षी दलहरु माओवादीसँग १७, एकीकृत समाजवादीसँग ८ जना सांसद छन्। त्यस्तै लोसपा र जनमोर्चाका एक एक जना सांसद छन्।

माघ १८ गतेको संसद् बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले ‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१’ पेस गरेका थिए। उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ‘आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१’, ‘निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१’ ‘आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१’ संसद्मा पेस गरेका थिए।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले ‘सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१’ र ‘भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१’ पेस गरेका थिए।

## तिलोत्तमामा मेडिकल कलेज बन्छ : अर्थमन्त्री पौडेल



बुटवल। नेकपा एमालेका उपाध्यक्ष एवं उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले रूपन्देहीको तिलोत्तमामा प्रस्तावित बुटवल मेडिकल कलेज अब बन्ने पालो आएको बताए।

अघिल्लो सरकारको शिक्षामन्त्री सुमना श्रेष्ठले मेडिकल कलेज खारेज गर्ने कोशिस गरेको, तर आफूले खारेज गर्नबाट रोकेको पौडेलले बताए।

रुपन्देहीको तिलोत्तमास्थित शंकरनगर दुर्गादत्त माविको हिरक महोत्सवमा बोल्दै पौडेलले अब मेडिकल कलेजको डीपीआरको काम छिट्टै सकेर पूर्वाधार निर्माणको काम अघि बढाउने बताएका हुन्।

‘अब मेडिकल कलेज बन्ने बाटो खुलेको छ, मेडिकल कलेजसँगै तिलोत्तमालाई देशकै नमूना शहर बनाउन विदेशबाट विज्ञ टोली ल्याएर कंक्रिटको जंगल हुन नदिने गरी हामी लागेका छौं।’- पौडेलले भने।

उनले सामुदायिक विद्यालयहरुले शैक्षिक गुणस्तर र उत्कृष्ट नतिजामा निजी विद्यालयसँग प्रतिस्पर्धा गरी अब्बल हुनुपर्नेमा समेत जोड दिए।

पौडेलले प्रधानमन्त्री केपी शर्मा ओलीलाई उत्कृष्ट राजनेताको संज्ञा दिए।

प्रधानमन्त्री ओली दुनियाँकै सक्षम नेतामध्येमा पर्ने भन्दै उनले सराहना गरे।

‘प्रधानमन्त्री केपी शर्मा ओली उत्कृष्ट राजनेता हो, उहाँ दुनियाँका सक्षम नेताहरुमध्येमा पर्नुहुन्छ,’ पौडेलले भने-‘ओली जस्तोसुकै परीक्षा उत्तीर्ण गरेको टेस्टेड लिडर हुनुहुन्छ, यस्तो नेताको नेतृत्वमा बनेको सरकारले परिणाम दिनेगरी ढुक्कसँग चल्छ।’

देशमा राजनीतिक स्थायित्व दिन नेपाली कांग्रेस र एमाले नेतृत्वको सरकार बनेको तर्क गर्दै उनले वर्तमान सरकार दिन बिताउन नभई देश बनाउन बनेको जिकिर गरे।

‘सरकार विकास र सुशासनमा केन्द्रित रहेर काम गरेको छ, विगतका सरकारले गरेका बेतिथिलाई पन्छाउँदै नागरिकका निरासालाई आशामा बदलेर भौतिक र मानवीय विकासमा केन्द्रित छ,’ पौडेलले भने-‘आर्थिक विकासका बाधक कानून संशोधन गर्नसरकारले ल्याएको अध्यादेशबाट निजी क्षेत्र पनि उत्साहित छ, सबै क्षेत्रबाट अध्यादेशमा सकारात्मक प्रतिक्रिया आएका छन्।’

सो अवसरमा अर्थमन्त्री पौडेलले विद्यालयको ८ कोठे भवनको शिलान्यास समेत गरेका छन्। उक्त भवन एक करोड ५३ लाख रुपैयाँ लागतमा बन्ने प्रधानाध्यापक चण्डी पाण्डेयले बताए।

## जनताभन्दा माथि कोही हुँदैनन् : प्रदेश प्रमुख घर्ती



दाङ। लुम्बिनी प्रदेश स्थापनाको आठौं दिवस मनाइएको छ। प्रदेश सरकार र प्रदेश सभाले दाङ देउखुरीमा संयुक्त कार्यक्रमको आयोजना गरेर स्थापना दिवस मनाएका हुन्। दिवसको मुल समारोहमा विभिन्न समुदायको झाँकी प्रदर्शन गर्नुका साथै मन्त्रालयगत स्टलहरु राखेर सरकारले गरेका कामहरु सार्वजनिक गरिएको छ।

स्थापना दिवसको उद्घाटन गर्दै प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले जनता बलियो हुने शासन व्यवस्था नै संघीय शासन व्यवस्था हुनुपर्ने बताए। उनले जनताको सेवकको रुपमा जनप्रतिनिधि रहेको भन्दै जनताभन्दा माथि कोही नहुनेमा जोड दिए। ‘जनताको शासन हुनुपर्छ यहाँ जनता माथि कोही छैन’ उनले भने-‘जन भावना अनुसार नै काम कारबाही अघि बढ्नुपर्छ।’

मुख्यमन्त्री चेतनारायण आचार्यले तीन तहका सरकारका बीचमा प्रदेशलाई अब्बल बनाउन सक्नेगरी लुम्बिनी प्रदेशले उदाहरण दिन सफल भएको दाबी गरे।

‘प्रदेश सरकारको उपादेयता र औचित्य, हाम्रो काम गराई, इमान्दारिता, सुशासन, सेवा प्रवाह एवं स्थायित्व प्राप्त सरकारबाट मात्रै दिन सकिन्छ भन्नेमा हामीमा द्विविधा पक्कै पनि नहोला। प्रदेश सरकार तीन तहका सरकारका बीचमा पनि अब्बल बन्न सक्छ भन्ने उदाहरण हाम्रा धेरै कामहरुले दर्शाएका छन्,’ उनले भने-‘हामीले यस ७ वर्षको अवधिमा प्रदेशसभा र प्रदेश सरकारबाट करिब ११० को संख्यामा कानुनहरु निर्माण गरेका छौं।

» *बाँकी ३ पेजमा*



दैनिक लुम्बिनी

## सम्पादकीय

# गुठी पीडित किसानको आन्दोलन

स्वर्गद्वारी गुठी पीडित किसानले काठमाडौं केन्द्रित आन्दोलन सुरु गरेका छन् । मोही किसानले जोतभोग गर्दै आएको जमिन मोहीको नाममा रैतानी हुने कानुनी व्यवस्था गर्न, विशेष प्रकृतिको निजी भनिएको गुठी जग्गाका निस्काशित मोहीको हक पुनःस्थापित गर्न र किसानले बुझाउनुपर्ने रैतानी बापतको तिरो वडामार्फत् बुझाउने व्यवस्था गर्न उनीहरुको माग छ । वर्षौंदेखि जोतभोग गर्दै आएको जमिनको स्वामित्व पाउनुपर्ने माग गर्दै किसानले आन्दोलन गर्ने र सरकारले पूरा गर्ने वाचा गर्दै सहमति गर्ने शिलशिला चल्दै आएको छ। किसानको आन्दोलन स्थगित गराउन सहमति गर्ने, तर पूरा नगर्ने सरकारको नियत बेठिक छ।

किसानले अघि सारेका माग पूरा गर्न गुठीसम्बन्धी ऐन बनाउनुपर्छ । संवैधानिक व्यवस्थाअनुसार सरकारले गुठीसम्बन्धी ऐन बनाउन पहलकदमी लिएको छैन । सरकारी उदासिनताले नै हो, नागरिकले आक्रोश सडकमा पोख्ने । २०७५ बैशाखमा गुठी जग्गासम्बन्धी समस्या सम्बोधन गर्न तत्कालीन केपी ओली नेतृत्वको सरकारले गुठी विधेयक संसदमा पेस गरेको थियो । संविधानको मर्मलाई समातेर ल्याइएको उक्त विधेयकले गुठी जमिनका मूल समस्या समाधान गर्ने बाटो समातेको थियो । तर गुठी विधेयकलाई ओली सरकारको विरोध गर्ने औजारका रूपमा दुरूपयोग भयो । तत्कालीन प्रतिपक्ष नेपाली कांग्रेससहितका राजनैतिक दलहरुले चर्को विरोधले विधेयक अघि बढ्न सकेन् । सरकारले विधेयक फिर्ता लियो । गुठी विधेयक अघि बढाएर कानुन बनाउने र मोही किसानका समस्या समाधान गर्न अहिले राम्रो अवसर छ । एमाले-कांग्रेसको बलियो सरकार छ । सरकारले महत्वपूर्ण कानुन बनाउन संसदलाई गतिशील बनाउन पहलकदमी लिनसक्छ ।

संविधानको धारा २९० मा गुठीसम्बन्धी व्यवस्था छ । यहाँ गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसदले आवश्यक कानुन बनाउने र गुठीसम्बन्धी अन्य व्यवस्था संघीय कानुनबमोजिम हुने उल्लेख छ। यो व्यवस्थाअनुसार कानुन बनाउन सरकार चुक्दा अहिले किसान सडकमा आउन बाध्य भएका हुन् । शासन प्रणाली व्यवस्थित हुने कानुन निर्माण र कार्यान्वयनले हो । कानुन निर्माण नगर्ने प्रवृत्तिले शासन प्रणाली कमजोर हुन्छ।

संसदबाट छिटो कानुन बनाउन सक्दा मात्रै गुठी किसानका समस्या समाधान हुन सक्छन् । स्वर्गद्वारी गुठी पीडित किसानलाई आश्वासन र सहमति पत्र होइन्, समस्या समाधान हुने कानुन चाहिएको छ । त्यसैले सरकार कानुन बनाउन ध्यान देऊ । अधिकार खोज्दै सडकमा आएका किसानलाई घर फर्कने वातावरण बनाऊ ।

## प्रसंग महाकुम्भ मेला प्रयागराजः

# आध्यात्मिक व्यवसायमा डिजिटल प्रविधिको उदय



गजेन्द्र गुप्ता

डिजिटल मिडियाहरु खोल्यो की महाकुम्भ मेलाका अकर्षक सार्ट भिडियो तथा रिलहरु छपछप्ती भेट्न पाइन्छ। केही दिन अगाडि म पनि फेसबुकको रिलमा यस्तै अकर्षक सामग्रीहरु हेरे । मलाई महाकुम्भको बारेमा थाहा थियो, तर यो कहाँ कहले आयोजना हुँदैछ, थाहा थिएन । म थप रिल तथा युट्यूबका सामग्रीहरु हेर्दै गए। विभिन्न किसिमका योगी, साधु, साधवी तथा सन्यासीहरुका कुराहरुले मनलाई झन झनै महाकुम्भ प्रतिको अकर्षण बढाउँदै गयो । यी योगीका कुरा ठिक साँचो हुन वा होइनन् भनेर शिव सम्प्रदायका शंकराचार्यहरु तथा बैष्णो सम्प्रदायका गुरुहरुको प्रवचन पनि सुने र सबैबाट महाकुम्भको महिमाको गुणगान भयो । अङ्गुत्तर निकाय ३.१५ अप्पन्नक सुत्तमा बुद्धले बाह्य स्नान (नदीमा स्नान) बाट होइन, कर्म र आचरणको शुद्धताबाट वास्तविक पवित्रता प्राप्त हुन्छ भन्ने कुरा सिकाउनु भएको छ । त्यस्तै (सुत्तनिपात २.७) स्नातक सुत्तमा बुद्धले भन्नु भएको छ कि सत्य, अहिंसा, संयम, र चित्तको शुद्धिले मात्र वास्तविक स्नान (शुद्धि) सम्भव हुन्छ, न कि बाह्य रूपमा गंगाजलमा स्नान गरेर । त्यसै गरी (सुत्तनिपात ६२८-६३०) उदक सुत्तमा बुद्धले स्पष्ट रूपमा भन्नु भएको छ 'उदकेन सोच्चति बालो, न सोच्चति समं मति' अर्थात् (बालकहरूले पानीले शुद्धि खोज्छन्, तर बुद्धिमानहरूले नैतिक जीवनमार्फत् साँचो शुद्धि प्राप्त गर्छन् ।) निष्कर्षमा भन्ने हो भने महाकुम्भ स्नान जस्ता अनुष्ठानहरू वैदिक परम्परामा रहेको भए पनि, बुद्धले यस्तो बाहिरी स्नानलाई आत्मिक मुक्तिका लागि अपर्याप्त बताउनुभएको थियो । उहाँका अनुसार, वास्तविक रुपमा 'शुद्धि' केवल नैतिक आचरण, प्रज्ञा, र ध्यानमार्फत् सम्भव छ।

म बौद्ध धर्म दर्शनको विद्यार्थीका हैसियतले सोच्दा महाकुम्भ स्नानको कुनै महत्व भएको भेटाइन, तर पनि विभिन्न थरीका हठयोगीहरु, नागा, अघोरी आदि वैदिक परम्पराका साधु सन्यासीलगायतका पूर्ण आत्माहरुको दर्शनले थप केही कुरा सिक्न पाइन्छ, साथै वैदिक परम्परामा उल्लेख भएअनुसार महाकुम्भ स्नानको पुण्य पनि अर्जन गर्न सकिन्छ भन्ने उद्देश्यले महाकुम्भ नगरी प्रयागराज स्नानको दृष्टिले महत्वपूर्ण मानिने १४ जनवरी, २०२५ मकरसंक्रान्तिको दिन जाने निधो गरे । यत्रा सहजताका लागि रेलको कन्फर्म टिकेट खोजे, तर पाइएन । साथी भाइहरुसँग साधन रिजर्व गरेर जानु पर्छ भन्ने सोचे, तर पनि मेसो मिलेन अर्थात् त्यो दिन जान पाइएन । मैले महाकुम्भको बारेमा सोसल मिडियमा आएका सामग्रीहरु यति हरेकि सोसल मिडिया खाल्दा नै महाकुम्भ मेलाका अकर्षक सामग्री बाहेक अरु आउन नै छोड दियो । धेरै समय तेही सामग्रीहरु नै हेर्न थाले । एक दिन उत्तरमा रहेको ज्योतिषपीठको जगदगुरु शंकराचार्य स्वामी अविमुक्तेश्वरानंद सरस्वतीजी महाराजको महाकुम्भ मेलाको बारेमा प्रवचन सुन्दा उहाँले महाकुम्भ मेलाको सबैभन्दा उत्तम स्नान गर्ने तिथि मौनी अमवस्या २९ जनवरी, २०२५ रहेको कुरा सुने र मैले यो दिन जसरी भए पनि जानु पर्छ मन मनै सोची मेरो पत्नीलाई सुनाए। पत्नीले पनि जाने ईच्छा व्यक्त गरिन र हामी दुबै जाने सल्लाह भयो ।

मैले यात्रा सहजताको लागि उत्तर प्रदेशका मुख्यमन्त्रीको अभिव्यक्ति पनि सुन्दै आएको थिए र उहाँको एकदिनको अभिव्यक्तिमा उहाँले भन्नु भएको थियो कि 'मौनी अमवस्याको दिन मैले ५ करोड व्यक्तिको स्नानको अनुमान गरेको छु, तर १० करोड व्यक्तिको स्नानको व्यवस्था गरेको छु ।' मैले ABP युट्युब च्यानलमा त्यहाँको ACDP ट्राफिक कुलदीपका अनुसार विभिन्न स्थानहरुमा गाडी पार्किङ्गको लाग पार्क बनाइएको र पार्कबाट जम्मा ६ किमी पैदल हिंड्नु पर्ने सूचना प्राप्त गरे । साथै मेरै विश्वविद्यालयका एकजना त्यहाँ पुगेको सरसँग सल्लाह गर्दा जाँदा राम्रो हुने राय पाए । मैले जाने बाहनको बारेमा भारतमा रहेको एक जना मित्रलाई सोधे उहाँले सोधेको एक घण्टापछि ३० किमी पैदल हिंड्नु पर्ने भएकोले नजानुस भनेर भन्नु भयो । त्यसपछि प्रयागराजमा नै घर भएको एकजना प्रोफसर मित्रलाई फोन गरे, उहाँले आउनुस म सबै बस्ने खाने व्यवस्था गर्छु भन्नु भयो । मैले विभिन्न अधिकारीक स्रोतबाट प्राप्त जानकारी र प्रयागराजमा नै घर भएको साथी भएपछि जानमात्र दुःख हो, पुगेपछि त सबै ठिक हुन्छ सोचेर हामी पति पत्नी २८ जनवारी २०२५ कै दिन हिँडियो । दुबैले गोरखपुरमा बस पाइएन भने घर फर्कने सल्लाह गरेका थियौं, तर गोरखपुरमा सहजै बस दिउँसो १ः ३० बजे पाइयो । राती ९ः३० सम्म प्रयागराज पुगिन्छ भनेर दुबै जना खुशी भइयो । तर ठिक उल्टो, बाटोमा गाडीको जामले गर्दा हामी भोली बिहान २९ जनवरी बिहान ८ः ०० बजे मात्र पुग्यौं ।

गाडीमा हामी सल्लाह गरेका थियौं, स्नानपश्चात् हामी बनारसतिर प्रस्थान गरी त्यही बास बस्ने । बाटोमा मान्छेको भिड देखेर त दंगै पर्‍यौं तर पनि रममइलो मान्दै कुम्भक्षेत्र प्रवेशद्धारमा पुग्यौं । त्यहाँको भिड देखेर भित्र प्रवेश गर्न सकिंदैन भनेर सोच्यो, तर यो भिड कम हुन्छ कि हुँदैन भनेर फेरि भिडभित्र प्रवेश गर्‍यो । मान्छेको खुट्टा टेक्नेबाहेक केही ठाउँ थिएन । एक फन्को समेत घुम्न सकिदैन्थ्यो । श्वास फेर्न समेत गाह्रो भयो । फेरि भीडबाट बाहिर निसकियौं । बाहिर निस्कने मान्छेको भीडले बाहिर पनि बस्न निकै कठिन भयो । त्यहाँ खटिएको प्रहरीसित सोधे यति भीडमा कसरी जान सकिन्छ स्नानघाटमा ? विस्तारै विस्तारै जानुस भन्यो । उसको कुरा उचित लाग्यो र फेरि भीडमा प्रवेश गरिएयो । हिँड्दै जाँदा एक जना महिला आँखा अगाडि वेहोस भइन । एक जना १५ वा १६ वर्षकी नानी मलाई रिंगटा आइरहेको जस्तो महसुस भइरहेको के भनिन कि विहोस भइन । मलाई पनि रिंगटा लागेजस्तो भइरहेको र मेरी पत्नीको अनुहारको मुद्रा पनि साह्रै दुखित दिखिन्थ्यो । वेहोस भइन्छ कि भनेर भीडबाट बाहिर निस्कन खोजे, तर सकिएन । जसरी तसरी प्रवेशद्धारभित्र प्रवेश गरियो । मेरो हातको घडी खस्यो, तर उठाउन सकिएन । विस्तारै विस्तारै हिँड्दै जाँदा घाट नजिक पुगियो । घाटमा राम्रा-राम्रा जुता चप्पल सर समान देखे र मेरी पत्नीलाई सोधे किन यति राम्रा - राम्रा सामानहरु फालिए होलान् ? तबसम्म मलाई त्यहाँको घटनाको बारेमा थाहा थिएन । पछि घटनाको बारेमा थाहा पाउँदा त भागदौडमा मानिसले छोडेका सर समानहरु पो रहेको महशुस भयो । स्नान घाटसम्म पुग्दा हामी हिँड्न नसक्ने गरी थाकियो । जसरी तेसरी स्नान गरियो ।

स्नानपश्चात् घाटबाट निस्कने क्रममा त्यहाँको सुरक्षा व्यवस्थाले छिटोभन्दा छिटो आ-आफ्नो गन्तब्यमा लाग्न माइकिङ्ग गर्दै थियो । पैदल हिँड्दाको थकाई र सुरक्षा नोटिस सुनेर हामी साधु सन्यासीहरुको दर्शन गर्न उचित नसम्झी बाहिर निस्कियौं । त्यहाँको मेला व्यवस्थापन समितिले बनाएको मार्गमा हिंड्न गाह्रो भएर बस्ती भएको गाउँको मार्गबाट हिँडियो । घर-घरमा मान्छेहरुले पसल थपेका थिए। सबैको खाने पिउने सामानको खुब बिक्री हुँदै थियो । कोही कोहीले बाटोमा पानी र बिस्कुट पुण्य आर्जन गर्ने उद्देश्यले खुवाउँदै थिए । कतै कतै खिचडी, पुडी सब्जी पनि बाँड्दै थियो । हामी घर छिटो फर्कनु पर्छ भन्ने उद्देश्यले मेला बाहिर निस्कियौं । मेला बाहिर सडकमा गाडी चलेको थिएन, तै पनि मान्छेको जाम थियो । विस्तारै विस्तारै बस पार्कतिर प्रस्थान गरियो । भोक लाग्यो बाटोमा धेरै जसो घर भएको मान्छेहरुको पसल थियो । एक ठाउँमा खाना खान बसियो । भात, तरकारी र रोटी । भात पनि राम्रो थिएन । तरकारी आलुको मात्र थियो। मैले पसलेसँग सोधे काउली आलुभन्दा पनि सस्तो छ, किन तरकारीमा न मिसाएको ? उसको उत्तर पाइएन । अर्थात् खाने चिज बिज पनि केही गुणस्तरीय थिएन । बस पार्क पुगियो । गोरखपुर जाने बस खोजे । खाली कुनै पनि बस थिएन । कहाँ यो बस जान्छ ? न त ड्राइभर भन्थ्यो न त कन्डक्टरले । रेलवे स्टेशन जाने सोँचे । एक जना युवासँग सोधे रेलवे स्टेशन कता छ । युवाले भन्यो नजानुस बन्द छ रे । मेरो कन्फरम टिकेट हो तै पनि जान सकिएन । केही विकल्प लागेन, घर तिर निस्कने । होटल पनि पाइएन । सरकारले गरेको टेन्टभित्र त टेक्ने ठाँउ थिएन बस्ने त कुरै छाडौ । त्यसमा हामी प्रदेशी त्यहाँको नियम कानुन पनि राम्रासँग नजानेको । राती बाहिर अकाश मुनी बस्न बाध्य भइयो । भोली बिहान पनि बस पाउने छाँट काँट देखिएन ।

हामी मेलामा खटेका अधिकारीहरुको क्याम्प बाहिर बसिरहेका थियौं । गोरखपुर पुग्ने एउटा परिवार भेटियो । उहाँहरुसँग संवाद सुरु भयो र उहाँहरु हामीसँगै तपाईंहरु पनि हिँड्नुस भन्नु भयो । हामी हुन्छ भन्यो । एक जना ले १.५ किमी हिँडेमा बस पाइन्छ भन्नु भयो । सबै जना जान तयार भयौं । हामी दुई र उहाँहरु १४ गरी १६ जनाको समूह भयो । तर त्यहाँ पनि बस पाइएन । पुलिससँग सोधे उसले ५/७ किमी हिंडेपछि पाउन सकिन्छ भन्यो, तर त्यहाँ पनि पाइएन । बाटोमा भएका साधानहरु जाममा थिए । गाडी रिजर्व गर्न कोसिस गरियो, तर त्यो पनि पाइएन । हामी हिँड्दै गयौं हाइवेमा पनि जामले हाइवेको बाटो पनि हिँड्न कठिन भयो । हामी फेरि गाउँको बाटोबाट हिंड्ने विचार गर्यौं । हिँड्दा हिँड्दा सबैलाई ग्राह्रो भयो । एक जनाको घरको पेटीमा बस्न अनुरोध गर्यौं । उहाँले हुन्छ भन्नु भयो । मोबाइल चार्ज गर्न अनुरोध गर्यौं उहाँले सहर्ष स्वीकार गर्नु भयो । उहाँले बडो श्रद्धाले पानी सोध्नु भयो । हामी हुन्छ भन्यो । उहाँले दूध चिया पनि पकाई दिनु भयो । उहाँले प्रसाद पनि वितरण गर्नु हुँदो रहेछ । हामी प्रसाद पनि ग्रहण गर्यौं । उहाँले बासको लागि पनि अनुरोध गर्नुभयो । हामीमध्ये केहीले बस्ने र केहीले नबस्ने भन्नु भयो । हामी सबै फेरि हिँड्ने निश्चय गरी त्यहाँबाट प्रस्थान गर्यो । बिहान ११ः ३० देखि राती १२ः ३० सम्मको २८ किमी लामो हिँडाइपछि बल्ल हामी सोहसोंबाट गोरखपुरको बस पाइयो ।

माथि उल्लेख गरेको प्रसँगको निष्कर्षमा भन्नु पर्दा महाकुम्भ मेलामा डिजिटल प्रविधिको उदय यसरी भयो कि थाहा नपाएका मानिसहरुमा पनि महाकुम्भ मेलामा घुम्ने इच्छा प्रबल भएर आयो । मानिसले हुन सक्ने जोखिमको पनि विचार नगरिकन स्नान गर्न यात्रा बनायो । यो महाकुम्भ मेलाले त्यहाँको धार्मिक पर्यटनलाई यति माथि पुरायो कि यातायात, गास, बास, कपासलगायतका अन्य थुप्रै व्यवसायहरु निकै फस्टाउने भयो । मेलामा बस, ट्रेन र हवाइमार्ग पनि निकै व्यस्त भयो । सरकारलाई मान्छेलाई छिटोभन्दा छिटो आ-आफ्नो गन्तब्य तिर लाग्न आव्हान गर्नु पर्यो । योभन्दा अगाडि पनि अयोध्यामा प्रभु श्रीरामको प्राण प्रतिष्ठामा पनि डिजिटल मिडियामा यसरी आकर्षक सामग्रीहरु आए कि विश्वभरिका मानिसहरु माझ आयोध्याको प्रचार प्रसार भयो । लाखौं श्रद्धालुको भ्रमण भयो । यो महाकुम्भले आजसम्मको सबै रेकार्डहरु तोड्यो । प्रयागराज पस्ने सबै रोड, रेल तथा हावाई यातायातमा प्रतिबन्ध गर्नुपर्ने आवस्थाको सिर्जना भयो । साथै मानिसहरु जति पनि कठिनाइको सामना गरेको खबर आए पनि कुम्भतिर जानेको इच्छामा खासै कमी आएको देखिंदैन । महाकुम्भ मेलाको अध्यात्मिक गरिमा जति भए पनि यसको प्रचार प्रसारमा डिजिटल प्रविधिको धेरै नै योगदान रहेको सहजै देख्न पाईयो ।यसको प्रत्यक्ष असर पर्यटन प्रर्वद्धनमार्फत् व्यवसायमार्फत् अर्थव्यवस्थामा परेको देखिन्छ ।

अब केही नेपालको प्रसंगलाई जोडौं । हाम्रो देश नेपालमा पनि वैदिक परम्पराको थुप्रै मठ मन्दिरहरु रहेका छन् । महाकुम्भ जस्तै अर्ध महाकुम्भको रुपमा चितवनस्थित देवघट धामलाई मानिन्छ, तर खोई त्यसको प्रचास प्रसार ? उत्तर छैन हामीसँग । हाम्रा डिजिटल मिडियाहरुको कबरेजभित्र निकै नै कम परेको देख्न सकिन्छ । हाम्रा नदी, नाला पनि कति सुन्दर छन् । तर लखौ श्रद्धालुको उपस्थिति गराउन सकिएन । हामीले हाम्रा तिर्थस्थलको गरिमा तथा मिहमालाई भारतसम्म पनि पुर्‍याउन सकेनौ । किनकि भारत नै वैदिक परम्परा मान्ने बाहुल्य जनसंख्या भएको देश हो । हाम्रा धर्म गुरु तथा राज नेताहरुको ती स्थलहरुको गरिमा बताउने एउटा पनि भिडियो सार्वजनिक भएको देखिएन । हामीसँग पशुपति जानकी माताको जन्मस्थान जनकपुर, मुक्तिनाथ, बुद्ध जन्मस्थाल लुम्बिनी, स्वर्गद्वारी, पाथिभरा माताको मन्दिर, हलेसी महादेवलगायत थुप्रै आध्यात्मिक स्थालहरु छन् ।

हालै, अमेरिकाको प्रतिष्ठित पत्रिका 'न्यूयोर्क टाइम्स' ले सन् २०२५ का लागि विश्वका मुख्य १० गन्तव्यहरूको सूचीमा लुम्बिनीलाई नवौं स्थानमा समावेश गरेको छ । लुम्बिनीलाई विश्व शान्ति केन्द्र र बुद्धको जन्मस्थलका रूपमा सम्मान गर्दै यो सूचीमा राखिएको हो । हामीलाई लुम्बिनीको प्रचार-प्रसार गर्न यसले झनै सहज बनाएको छ । हाम्रा नेता पत्रकार सोसल मिडियाहरुले विश्वभरी नै लुम्बिनीमा विश्वभरीका बौद्ध मार्गीलाई आउन बाध्य बनाउनु पर्ने देखिन्छ । मित्र राष्ट्र भारतको आध्यात्मिक साइटको जसरी डिजिटल मिडियाहरुमा प्रचारप्रसार गरिएको छ । हामी सबै नेपालको पर्यटन क्षेत्रको विकास गर्ने नेपालीहरुले आध्यात्मिक पर्यटनको विकासका लागि सोसल मिडियाको रिल, यूट्यूब, टिकटक जस्ता टुलहरु वृहत् रुपमा प्रयोग गर्न नितान्त आवश्यक देखिन्छ । हाम्रो देशको पर्यटन यसरी सुस्त भएको छ कि लाखौको लगानी पनि धरासाही हुने अवस्थामा रहेको सहजै अनुमान गर्न सकिन्छ । यसर्थ आध्यात्मिक व्यवसायमा डिजिटल प्रविधिको उदय र विकासमार्फत् देशको अर्थव्यवस्थालाई उकास्ने निकै महत्वपूर्ण सावित हुने भएकोले यस तर्फ ध्यान दिन सबै देश विकास गर्ने नेपालीहरुलाई आवश्यक रहेको देखिन्छ ।

*सह- प्राध्यापक*
*लुम्बिनी बौद्ध विश्विविद्यालय*

# नेप्से परिसूचकमा झिनो अङ्कको सुधार

काठमाडौं । यो साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार भने झिनो अङ्कको मात्रै वृद्धि देखिएको छ । नेप्से परिसूचक दुई दशमलव ४१ अङ्कले बढेर दुई हजार ७३० को विन्दुमा कायम भएको हो ।

३१७ कम्पनीको दुई करोड ३७ लाख ७० हजार ३४८ कित्ता शेयर एक लाख ११ हजार ९१८ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ८७ करोड ५९ लाख ६७ हजार बराबरको कारोबार भएको छ ।

कारोबारमा बैङ्किङ शून्य दशमलव ५४, जीवन बीमा शून्य दशमलव ६७, उत्पादन तथा प्रशोधन शून्य दशमलव २७, लघुवित्त शून्य दशमलव १०, म्युचुअल फन्ड शून्य दशमलव ७८, निर्जीवन बिमा शून्य दशमलव ८२ र व्यापार समूह शून्य दशमलव ७९ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । विकास बैङ्क शून्य दशमलव ३९, वित्त एक दशमलव ०७, होटल तथा पर्यटन शून्य दशमलव ०१, जलविद्युत् शून्य दशमलव ४८ र लगानी समूह शून्य दशमलव ४७ प्रतिशतले घटेको हो ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र भूगोल इनर्जी कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक 'सर्किट' लागेको छ । त्यस्तै, ग्रिन डेभलपमेन्ट बैङ्क र रिभर फल्स पावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३५ करोड ३० लाख ७५ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको छ लाख ३४ हजार ६२० कित्ता शेयर किनबेच भएको छ ।

# सरस्वतीको पूजा आराधना विधिपूर्वक सम्पन्न

काठमाडौं । विद्या प्राप्तिको कामना गर्दै सोमबार विधिपूर्वक सरस्वती देवीको पूजा, आराधना गरिएको छ ।

प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने 'श्रीपञ्चमी' का अवसरमा विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरिन्छ । पूजा, आराधनाका लागि बिहानैदेखि देशभरका सरस्वती मन्दिरमा भक्तजनको भीड लागेको थियो ।

निष्ठापूर्वक सरस्वतीको पूजा-आराधना गरेमा विद्या प्राप्त हुने शास्त्रीय मान्यता छ । यस अवसरमा लाजिम्पाटस्थित नील सरस्वतीस्थान, स्वयम्भूस्थित सरस्वती मन्दिर, ललितपुर लेलेस्थित सरस्वती कुण्डलगायत राजधानीका विभिन्न स्थानमा रहेका सरस्वती मन्दिरमा बिहानैदेखि भक्तजनले विधिपूर्वक पूजा, आराधना गरेका छन् । मैतीदेवी मन्दिर क्षेत्रमा रहेको सरस्वती मन्दिरमा बिहानैदेखि भक्तजनको भीड लागेको काठमाडौं महानगरपालिका-३० का अध्यक्षसमेत रहेका मन्दिर व्यवस्थापन समितिका अध्यक्ष दलबहादुर कार्कीले जानकारी दिए ।



काठमाडौं महानगरपालिका-२९ स्थित डिल्लीबजारमा रहेको सरस्वती मन्दिरमा भक्तजनले विधिपूर्वक पूजा आराधना गरे । यसैगरी काठमाडौं उपत्यका बाहिरका सरस्वती मन्दिरमा पनि भक्तजनको भीड लागेको जनाइएको छ । चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई भक्तजनहरूले भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्छन् ।

विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन् । सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन् ।

सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजको दिनलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ । ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धी पाएकी ब्रह्माकी अर्धाङ्गिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धी र सद्बुद्धि प्राप्त हुने उल्लेख छ । यसैकारणले सरस्वती पूजालाई ठूलो महत्व दिइन्छ । सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धी प्राप्त हुन्छ भन्ने विश्वास छ ।

सरस्वतीको पूजाका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ । यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक-कान छेड्न समेत शुभ मानिन्छ । देशभर रहेका सरस्वतीका मन्दिरमा बिहानैदेखि पूजाआजा गर्न भक्तजन, खासगरी छात्रछात्राको घुइँचो लागेको थियो । सरस्वतीलाई चढाइएको सात गेडा अक्षता निलेमा विद्या र बुद्धि स्फुरण भई विद्यादेवीबाट चेतनाको ज्योति पाइन्छ भन्ने धार्मिक विश्वास छ ।

यसै विश्वासका आधारमा सामुदायिक एवं संस्थागत विद्यालयले पनि विधिपूर्वक सरस्वती देवीको पूजा, आराधना गरेका छन् । विद्यार्थी, शिक्षकलगायत विद्यालयमा जम्मा भई विधिपूर्वक सरस्वती देवीको पूजा, आराधना एवं प्रार्थना गरी सरस्वती पूजा एवं वसन्त पञ्चमी पर्वका रुपमा मनाएका छन् । यस अवसरमा सोमबार बिहान ०७ : ५५ बजेको साइतमा हनुमानढोका दरबारस्थित नासलचोकमा वसन्त श्रवण पनि गरिएको थियो ।

रूपन्देही सुपरलिगः

# तिलोत्तमाद्वारा सैनामैना १२४ रनले पराजित




भैरहवा । बलर हावी बन्दा रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा तिलोत्तमा क्रिकेट एकेडेमीले सैनामैना क्रिकेट क्लबमाथि फराफिलो जित निकालेको छ।

सोमबार भएको 'ए' डिभिजनको खेलमा तिलोत्तमाले सैनामैनामाथि १ सय २४ रनको जित निकाल्यो । यसक्रममा तिलोत्तमाका बलरले उत्कृष्ट प्रदर्शन गरे भने सैनामैनाका ब्याटर उनीहरुका सामु निरीह बने।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको तिलोत्तमाले निर्धारित ५० ओभरमा ४५ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर १ सय ९२ रन बनायो। उसका लागि प्रतीक भट्टराईले ३४, सन्दीप यादवले ३१, कृष्ण भुसालले २०, अमन बोहरा र रोशन घिमिरेले समान ११-११ तथा आशुतोष पाण्डेले १० रन बनाए। बलिङमा सैनामैनाका किरण भट्टराईले ५, ऋदम सुवेदीले ३ तथा प्रदीप सुवेदी र ईश्वर क्षेत्रीले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको सैनामैना १७ ओभरमै अलआउट भयो र जम्मा ६८ रन बनायो। उसलाई सस्तैमा रोक्न तिलोत्तमाका विपिन खत्रीले ८ ओभरमा १ मेर्डन राख्दै ३० रन खर्चेर ६ विकेट लिए। यस्तै, कृष्ण कार्कीले ८ ओभरमा २७ रन खर्चेर ४ विकेट हात पारे।

सैनामैनाका मनिष खत्रीले २४ र विक्रम गौतमले १३ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिम पराजित भयो। खेलमा विपिन खत्री प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सहप्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए।

# 'समाज रूपान्तरण गर्न शिक्षाको विकास अपरिहार्य'



नवलपरासी । नवलपरासीको रामग्राम नगरपालिकाका विभिन्न विद्यालयमा सरस्वती पूजा गरी मनाइएको छ। रामग्राम १५ मा रहेको जनता माविमा आयोजित सरस्वती पूजा तथा विद्यालयको ७५औं वार्षिकोत्सवको उद्घाटन रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले गरेका छन्।

नगरप्रमुख यादवले शिक्षाको विकास विना समाज रुपान्तरणको अभियान साकार नहुने भएकाले शिक्षाको विकास अपरिहार्य भएकोमा जोड दिएका छन्। आफूले प्राप्त गरेको ज्ञान जहाँ पनि लैजान सकिने बताउँदै उनले शिक्षामा राजनीति गर्न नहुने बताए। नगरप्रमुख यादवले आगामी शैक्षिक सत्रदेखि कक्षा ११ र १२ मा अध्ययन गर्ने छात्राहरुलाई निःशुल्क शिक्षा प्रदान गर्न नगरपालिकाको प्रयास रहेको बताए।

कार्यक्रममा नगर उपप्रमुख सम्झना चौधरी, वडा नम्बर १५ का वडाध्यक्ष धनपत यादव, विद्यालयका प्रअ चक्रमाणी लम्सालले शिक्षाका अवस्था र अभिवाभकको भूमिकाका बारेमा प्रकास पारेका थिए।

सुक्रौली मावि २००६ सालमा स्थापना भएको जिल्लाको पहिलो विद्यालय भएको प्रअ चक्रमाणी लम्सालले बताए। उता रामग्राम नगरपालिकाको वडा नम्बर ३ मा रहेको शरी शुसील आधारभूत विद्यालयमा पनि सरस्वती पूजा तथा सरस्वतीको मूर्ति अनावरण गरिएको छ।

रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले सरस्वतीको मूर्तिको अनावरण गरेका हुन्। त्यस्तै रामग्राम नगरपालिका वडा नम्बर १६ मा रहेको हिमाली आधारभूत विद्यालयमा सरस्वती पूजा तथा ई-लाइबेरीको उद्घाटन नगरप्रमुख धनपत यादवले गरे।

रामग्राम नगरपालिकाको ८ लाख ५० हजारको सहयोगमा ई-लाइबेरी निर्माण गरिएको हो।

# श्रीपञ्चमीमा विविध कार्यक्रम

भैरहवा । श्रीपञ्चमीका दिन देशभर विद्याकी देवी अर्थात् सरस्वतीको पूजा-आराधना गरी विविध कार्यक्रम आयोजना गरी मनाइएको छ। रुपन्देहीको मायादेवी-४ मा अवस्थित लुम्बिनी शिक्षा निकेतनले सरस्वती पूजाको अवसर पारेर विभिन्न विधामा गरेको अतिरिक्त क्रियाकलाप र शैक्षिक उपलब्धि हासिल गरेका विद्यार्थीहरुलाई पुरस्कृत गरेको छ।

विद्यालयले कक्षागत र अन्तर सदनात्मक रुपमा खेलकुद तथा अतिरिक्त क्रियाकलापका उत्कृष्ट विद्यार्थीहरुलाई लुम्बिनीका वरिष्ठ पुरातत्वविद् डा. बसन्त विडारीको प्रमुख अतिथ्यतामा पुरस्कार वितरण गरेको हो। प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन पर्ने यो दिनमा सरस्वतीको पूजा तथा आराधना गर्ने गरिन्छ, सोही अवसर पारेर विद्यालयले पनि हरेका वर्ष विविध कार्यक्रम गरी मनाउँदै आएको विद्यालयका अध्यक्ष गोविन्द ज्ञवालीले बताए। विद्यालयले पढाइको साथसाथै विद्यार्थीको अन्तरनिहित प्रतिभालाई जोड दिँदै प्रतिभाअनुसारकै प्रशिक्षकबाट प्रशिक्षण गर्दै आएको उनले जनाए।

कार्यक्रमकै अवसर पारेर विद्यालयमा हस्तकला प्रदर्शन समेत गरिएको छ। विद्यार्थीहरुको मनोबल बढाउन विद्यार्थीहरुले गरेको प्रोजेक्ट वर्कलाई विद्यालय परिसरमा प्रदर्शन गरिएको विद्यालयका प्रबन्ध निर्देशक पिताम्बर न्यौपाने बताए। गत वर्ष पनि सरस्वती पूजाको अवसर पारेर कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुले एक विद्यार्थी एक पुस्तक संकलन गरी विद्यालय परिसरमा पुस्तक प्रदर्शनी तथा मेला गरेको उनले जनाए।

सैद्धान्तिकभन्दा पनि अन्य पुस्तकहरु पढ्नमा प्रेरित गर्न, अतिरिक्त पुस्तकहरुको पढ्ने बानीको विकास गर्न र पछिल्लो समय विद्यार्थीहरुमा पुस्तकप्रतिको रुची घट्दो अवस्थामा पुस्तक मेलाले विद्यार्थीहरुमा पढाइप्रति रुची अभिवृद्धि गर्ने विश्वासका साथ विद्यार्थीहरुकै सक्रियतामा पुस्तक मेला आयोजना गरी पुस्तकाल र ल्याबको स्थापना गरिएको न्यौपानेले बताए।

श्रीपञ्चमीको दिन विद्यालय नपठाइएका साना बालबालिकाहरूलाई अक्षरारम्भ गराए ज्ञान, विद्या, बुद्धि बढ्ने जनविश्वास रहेकोले विद्यालयमा निःशुल्क भर्ना गरिएको छ। यो दिन बालबालिकाहरूलाई लेखपढ गर्न सिकाए उनीहरूले राम्रो विद्या आर्जन गर्ने धार्मिक विश्वास रहेको छ।

विद्यालयमा स्थापना भएको सरस्वती मन्दिरमा सरस्वतीको प्रार्थना गरी सरस्वती पूजा समेत मनाइएको विद्यालयका प्राचार्य नामदेव अर्यालले बताए।

लुम्बिनी शिक्षा निकेतन बुद्ध जन्मस्थल लुम्बिनी क्षेत्रको उत्कृष्ट विद्यालयको रुपमा रहेको छ। ९ सय बढी विद्यार्थी रहेको विद्यालयमा बालविकासदेखि कक्षा १० सम्मको अध्यापन हुने गरेकोमा कक्षा ११ र १२ सञ्चालनको लागि तयारीमा छ। विद्यालयले शैक्षिकका साथै अतिरिक्त क्रियाकलापमा जिल्लास्तरमै उच्च मर्यादा राख्न सफल भएको विद्यालयका सहायक प्राचार्य जोखन यादवले बताए।

यस्तै श्रीपञ्चमी अर्थात् सरस्वती पूजाको अवसरमा भैरहवालागयत शैक्षिक संस्थाले सामूहिक पूजापाठ गरेका छन्। अधिकांश शैक्षिक संस्थाले पूजाको अवसर पारेर निःशुल्क भर्नालगायतका सुविधा दिइ सङ्गीत, ज्ञान अनि विद्याकी देवी सरस्वती माताको पूजा, भक्ति अनि आरधना गराउँदै स-साना भाइ बहिनीहरुले अक्षरारम्भ गर्दै सरस्वती पूजा मनाएका थिए।

विशेषगरी विद्यार्थी, शिक्षक, साहित्यकार, कलाकार, पत्रकारहरुले आ-आफ्ना कलासाधनाका उपादानहरु कापी, कलम, वाद्ययन्त्र, कुचीलगायतको श्रद्धापूर्वक पूजा गरेका छन्। यही दिन बालबालिकालाई अक्षरारम्भ गराउने सर्वोत्तम दिन मानेर पठनपठन पनि सुरु गराउने गरिन्छ।

प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन श्रीपञ्चमी पर्व विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी मनाउने गरिन्छ। ऋतुहरुको राजा वसन्तको सुरुवात हुने दिन भएकाले यस दिनलाई वसन्त पञ्चमी पनि भनिन्छ।

वसन्त पञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या बुद्धि बढ्ने, विद्यालय नपठाइएका साना बालबालिकालाई सरस्वती पूजाकै दिनदेखि अक्षरारम्भ गराउने र लेखपढ गर्न सिकाए राम्रो विद्या आउने धार्मिक विश्वास छ। सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने भएकाले यस दिनलाई 'वसन्त पञ्चमी' पनि भन्ने गरिन्छ। यो दिन बालबालिकालाई शिक्षारम्भका साथै नाक-कान छेडिदिने प्रचलन छ।

# आफन्तको १४औं स्थापना दिवस




देवदह। आफन्त बचत तथा ऋण सहकारी संस्था देवदहले विभिन्न कार्यक्रम गरी १४औं स्थापना दिवस मनाएको छ। सहकारीले रक्तदान, निशुल्क स्वास्थ्य शिविर गर्दै आफ्नो १४औं स्थापना दिवस मनाएको हो।

साकोसको केन्द्रीय कार्यालय देवदह-११, शंकरपुरमा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा महिलाहरुको स्तन, पाठेघरसम्बन्धी चेकजाँच तथा परामर्श सेवा प्रदान गरेका थिए।

स्वास्थ्य शिविरको एक कार्यक्रमका बिच देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गले उद्घाटन गरेकी थिइन्। शिविरमा भूनिभर्सल कलेज अफ मेडिकल साइन्स भैरहवाका डा. कविता सापकोटाको नेतृत्वमा रहेको स्वास्थ्यकर्मीहरुले स्वास्थ्य परीक्षण गरेका थिए।

सो अवसरमा बोल्दै उपप्रमुख गुरुङ्गले सहकारीले आफ्नो शेयर सदस्यहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेकोमा धन्यवाद दिइन्।

उनले स्वास्थ्य नै सम्पत्ति भएकोले आफ्नो स्वास्थ्यलाई पहिलो प्राथमिकता राख्न आग्रह गरिन। उप-प्रमुख गुरुङ्गले सहकारीले आफ्ना शेयर सदस्यलाई लक्षित गरी योजना बनाउन आवश्यक रहेको औंल्याइन।

उनले आर्थिक विकासमा सहकारीको महत्वपूर्ण भूमिका रहेको बताउँदै सहकारीले शेयर सदस्यलाई उत्पादन संग जोड्न आवश्यक रहेकोमा जोड दिइन्। उनले सहकारीका कारण आर्थिक कारोवार गर्न सहज भएको बताउँदै सहकारीबाट लिएको ऋणलाई सही ठाउँमा प्रयोग गर्नुपर्ने बताइन्।

साकोसका अध्यक्ष देवदह नगरपालिका-१२, का वडाध्यक्ष डेगबहादुर सारु, ११ का वडाध्यक्ष दुधनाथ यादव, सहकारीका संस्थापक अध्यक्ष शंकर पाण्डे, साना किसान कृषि सहकारी देवदहका सदस्य अजय रौनियार, नेपाल रेडक्रस सोसाइटी देवदहका सभापति कृष्णप्रसाद न्यौपाने, देवदह मेडिकल कलेजका कार्यक्रम संयोजक हिरालाल धामीलगायतले आ-आफ्ना भनाइ राखेका थिए।

सो अवसरमा आयोजित रक्तदान कार्यक्रममा ४१ जनाले रक्तदान गरेको सहकारीका कोषाध्यक्ष पार्वती न्यौपानेले जानकारी दिइन। यसैगरी निःशुल्क स्वास्थ्य शिविरमा ८० जनाले स्वास्थ्य परीक्षण गराएको उनले जानकारी दिए।

सो अवसरमा सहकारीका संस्थापक सदस्यहरुलाई सम्मन गरिनुका साथै जनता आधारभूत विद्यालयका २ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिएको थियो। साकोसका उपाध्यक्ष गोमा पाण्डेको स्वागत र सचिव अर्जुन गुरुङ्गको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

पाठेघरको मुखको क्यान्सरविरुद्धको
एच. पि. भी. खोप अभियान-२०८१
यही मिति २०८१ माघ २२ गतेदेखि फागुन ६ गतेसम्म रूपन्देहीमा सञ्चालन हुन लागेको एच. पि. भी. खोप पहिलो चरणमा माघ २२ देखि माघ २९ गतेसम्म बुटवल उपमहानगरपालिका र सिद्धार्थ नगरपालिकामा तथा माघ २२ देखि २७ गतेसम्म सैनामैना नगरपालिका, कञ्चन, गैडहवा, शुद्धोधन, सियारी र मायादेवी गाउँपालिकामा लगाइँदै छ। त्यसैगरी फागुन १ देखि ६ गतेसम्म देवदह, तिलोत्तमा, लुम्बिनी साँस्कृतिक नगरपालिका, ओमसतिया, रोहिणी, सम्मरीमाई, कोटहीमाई र मर्चवारी गाउँपालिकामा दोस्रो चरणमा खोप अभियान चल्नेछ। विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका सबै छात्राहरु र विद्यालय बाहिरका १० वर्ष देखि १४ वर्ष उमेरका सबै किशोरीहरूलाई खोप लगाइनेछ। खोप सञ्चालन हुने दिनमा छात्राहरूलाई सम्बन्धित विद्यालयमा उपस्थित गराउनुहुन अनुरोध गर्दछौं।
अनुरोधक :
स्वास्थ्य कार्यालय
रूपन्देही

**जनताभन्दा...**

यसबाट हामीलाई नेपालको संविधानबाट प्राप्त अधिकारको सीमा भित्र रहँदै प्रदेशका काम कारवाही अघि बढाउन, प्रदेश सकारको सञ्चालन र व्यवस्थापनका लागि कानुनी एवं वैधानिक आधार तयार भएको छ।'

प्रदेश तहमा अझैं धेरै कानुनहरु तर्जुमाको चरणमा रहेको, सङ्घीय कानुनको निर्माण तथा मापदण्डको तर्जुमाका विषयमा सङ्घीय सरकारसँग समन्वय गर्नुपर्ने आवश्यकता रहेको भनाइ उनको छ।

सभामुख तुलाराम घर्तीमगरले प्रदेश तह संघीयताको नयाँ संरचना भएकाले यसको स्थायित्वको लागि सबैले प्राथमिकतामा राख्नुपर्ने आवश्यक रहेको बताए।

नेपाली कांग्रेसका दल नेता तथा पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले प्रदेशलाई अधिकार सम्पन्न बनाउन संघीय सरकारले ध्यान दिनुपर्ने बताए।

प्रतिपक्ष दलका नेता तथा पूर्व मुख्यमन्त्री जोखबहादुर महराले समृद्ध प्रदेशको लक्ष्य प्राप्त गर्न सबैको बिचमा साझा प्रतिबद्धता चाहिने जनाए।

पूर्व मुख्यमन्त्री कुलप्रसाद केसीले प्रदेश सरकारले आफूलाई अब्बल सावित गर्न अझैं ऐतिहासिक कामहरुलाई अघि बढाउन आवश्यक रहेको धारणा राखेका थिए।

नेकपा एमाले संसदीय दल उप-नेता भोजप्रसाद श्रेष्ठले प्रदेश तहमा अझैं उत्साह थप्न जरुरी रहेको बताए। प्रदेश स्थाना दिवसमा ११ वटा विभिन्न झाँकीहरु प्रदर्शन गरिएका थिए।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# फागुन १२ देखि माओवादीको हुलाकी राजमार्ग केन्द्रित अभियान




बुटवल । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले आगामी १२ फागुनदेखि हुलाकी राजमार्गकेन्द्रित अभियान सुरु गर्ने भएको छ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको निवास खुमलटारमा सोमबार बसेको पदाधिकारी बैठकले झापाको केचनकवलबाट अभियान सुरु गर्ने निर्णय गरेको पार्टी प्रवक्ता एवं उपाध्यक्ष अग्नि सापकोटाले जानकारी दिए।

बैठकले प्रदेश इञ्चार्जहरू तोकेको छ। सापकोटाका अनुसार, कोशीमा उपमहासचिव हरिबोल गजुरेल इञ्चार्ज, मधेश प्रदेशमा उपमहासचिव मातृका यादव, बागमती प्रदेशमामा सचिव हितमान शाक्य, गण्डकी प्रदेशमा सचिव दीनानाथ शर्मा, लुम्बिनीमा सचिव चक्रपाणि खनाल, कर्णाली प्रदेशमा स्थायी कमिटी कालीबहादुर मल्ल र सुदूरपश्चिम प्रदेशमा उप-महासचिव गिरिराजमणि पोखरेल इञ्चार्ज तोकिएका छन् । यस्तै, विशेष प्रदेश इञ्चार्जमा जयपुरी घर्ती, सार्क प्रवासमा लक्ष्मण पन्त, यूरोप अमेरिका इञ्चार्जमा राम कार्की र एसियामा ओम शर्मा तोकिएका छन् । महासचिवभन्दा माथिका पदाधिकारीलाई भूगोलको जिम्मेवारी नदिने नीतिअनुसार कार्यविभाजन गरिएको सापकोटाले बताए।

यसअघि उपाध्यक्ष सापकोटा बागमती र युरोप अमेरिका प्रवास इञ्चार्ज पम्फा भुसाल थिइन् । पदाधिकारी बैठकले माओवादीका उम्मेदवार निर्वाचित भएका पालिकाका पदाधिकारीहरूको भेला गर्ने निर्णय पनि गरेको छ। १२३ वटा स्थानीय तह माओवादी केन्द्रले जितेको छ।

प्रवक्ता सापकोटाकाअनुसार बैठकले पदाधिकारीसहित सबै केन्द्रीय सदस्यको कार्यविभाजन पनि गरेको छ।

महासचिवभन्दा मुनिका पदाधिकारीलाई विशेष प्रदेशसहित १० प्रदेशको इञ्चार्जको जिम्मेवारी दिइएको छ। अरु केन्द्रीय सदस्यहरूको कार्य विभाजन भने सर्कुलरबाट पठाइने सापकोटाले जानकारी दिए।

माओवादी केन्द्रले पूर्व उपराष्ट्रपति नन्दबहादुर पुन पासाङलाई पार्टीको परिभाषित जिम्मेवारी दिने निर्णय गरेको छ । सोमबार बसेको पदाधिकारी बैठकले पासाङलाई उत्पादन क्षेत्र हेर्ने संयन्त्रको प्रमुख बनाउने निर्णय गरेको हो।

# शिक्षालाई सीपसँग जोड्नुपर्छ : मन्त्री तिमिल्सिना




तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा वडा नं.-५ मणिग्राममा रहेको शान्ति नमूना माध्यमिक विद्यालयले ६६औं वार्षिकोत्सव तथा अभिभावक दिवस विविध कार्यक्रम गरी मनाएको छ।

कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले शिक्षालाई सीपसँग जोड्नका लागि लुम्बिनी प्रदेश सरकार लागिपरेको भन्दै शिक्षाको अवसरबाट कोही पनि वञ्चित हुने अवस्था नहोस् भन्नेमा आफू सचेत रहेको बताए।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीका प्रमुख माधव बन्जाडे, शिक्षा तालिम केन्द्र लुम्बिनीका प्रमुख दिवाकर भण्डारी, नेपाल शिक्षक संघ रुपन्देहीका अध्यक्ष रुपकुमार रायमाझीलगायतले विद्यालयको शैक्षिक विकासका लागि योगदान पुऱ्याउने प्रतिबद्धता जनाउँदै शुभकामना दिएका थिए।

कार्यक्रममा प्रधानाध्यापक कुलप्रसाद लामिछानेले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै देशकै उत्कृष्ट विद्यालय भएता पनि विद्यार्थी संख्याका आधारमा दरबन्दीको अभाव रहेको भन्दै शैक्षिक गुणस्तर कायम गर्नका लागि सरकारलाई सहयोगको दायरा बढाउन आग्रह गरे । वार्षिकोत्सवका अवसरमा विद्यालयको बृहतर विकासका लागि योगदान पुऱ्याउने ५० जना शिक्षक कर्मचारी, १ जना सेवा निवृत शिक्षक, ७ जना समाजसेवी, १९ जना उत्कृष्ट अभिभावक र १० जना अक्षयकोषदातालाई सम्मान गरिएको थियो । यस्तै विद्यालयमा क्रियाशिल क्लबहरु मध्ये आर्ट क्लब र स्काउट क्लबलाई सम्मान गरिएको थियो।

यसैगरी विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरी यस वर्ष उच्च शिक्षा अध्ययनका लागि पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल ५६ जना विद्यार्थीहरुलाई सम्मान गरिएको थियो भने एसईईमा ए प्लस ल्याउने ५६ जना र कक्षा १२ मा ए प्लस ल्याउने ३९ जना विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो। यसैगरी वर्ष उत्कृष्ट विद्यार्थीको रुपमा ११ जना विद्यार्थीहरुलाई सम्मान गरिएको थियो।

यस्तै, शान्ति नमूनाले आयोजना गरेको जिल्लास्तरीय हाजिरीजवाफ प्रतियोगितामा प्रथम हुने एभरेष्ट माध्यमिक विद्यालयलाई नगद रु.१२ हजार, द्वितीय स्थान प्राप्त गर्न सफल न्यू होराइजन बोर्डिङ स्कुललाई नगद रु.९ हजार, तृतीय हुने कान्ति मा.वि.लाई नगद रु ७ हजार र प्रोत्साहन स्थान प्राप्त सुनगाभा बोर्डिङ स्कुललाई नगद रु. ४ हजार ५ सय, प्रमाणपत्र र मेडलसहित पुरष्कृत गरिएको प्रतियोगिताका संयोजक मोहन पौड्यालले जानकारी दिए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शरद भट्टराई,सहायक प्रधानाध्यापक लोकनाथ कंडेल, सहायक प्रधानाध्यापक दिपेन्द्र कुमार शाक्यलगायतले आ-आफ्ना भनाइ राखेका थिए । वार्षिकोत्सवका अवसरमा विद्यार्थीहरुले पि.टि. प्रदर्शन, परम्परागत नृत्य, गायन तथा विभिन्न झाँकीहरु प्रस्तुत गरेका थिए।

विद्यालयमा हाल करिव ६३ सय विद्यार्थीहरु अध्ययनरत छन् भने २ सय २९ जना शिक्षक कर्मचारी कार्यरत छन्।

यसैबिच, शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने पत्रकार सञ्जु पौडेललाई पुरस्कृत गरिएको छ। स्व. फत्त बहादुर/ देउमती काउँचा स्मृति पत्रकारिता पुरस्कारबाट पौडेललाई नगद, दोसल्ला तथा करुवासहित पुरष्कृत गरिएको विद्यालयका सूचना विभाग संयोजक दिनेश खड्काले जानकारी दिए।

यसैगरी, वार्षिकोत्सवमा अवसरमा सोमबार पुस्तक प्रदर्शनी गरिएको थियो।

# दीप बोर्डिङमा साहित्यिक बाटिका विमोचन



बुटवल । सरस्वती पूजाका दिन सोमबार बुटवलको दीप बोर्डिङ हाई स्कुलमा भव्यता पूर्वक सरस्वतीको पूजाआराधनासहित दीप मासिक साहित्यिक बाटिका नामक भित्तेपत्रिकाको आरम्भ गरिएको छ।

उक्त विद्यालयमा अध्ययनरत कला साहित्यका सर्जक एवम् अनुरागी विद्यार्थीहरूद्वारा गठित दीप साहित्य कला मञ्च रूपन्देहीले उक्त पत्रिका प्रकाशन आरम्भ गरेको हो।

एक कार्यक्रमकाबिच नेपाल अभिभावक सङ्घका केन्दीय सदस्य एवम् रूपन्देही अध्यक्ष लोकनाथ ज्ञवालीले पत्रिका विमोचन गर्दै विद्यार्थीका कला र साहित्यसँग सम्बन्धित सिर्जना विकास र बिस्तारमा पत्रिका सार्थक हुने विश्वास गर्दै निरन्तरताको कामना गरे।

मञ्चका अध्यक्ष शुभेच्छा पन्थीको अध्यक्षता, सचिव आशिका थापाको सञ्चालन एवम् बुटवल उप-महानगरपालिका वडा नं. ८ का अध्यक्ष यज्ञप्रसाद पंगेनी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजेन्द्रप्रसाद ध्वजू, उपाध्यक्ष उमाकान्त चापागाईं, विद्यालयका प्राचार्य टीकाराम न्यौपाने, उप-प्राचार्यत्रय ज्ञानु थापा, कलाधर अर्याल र सुरेन्द्रकुमार शाक्यलगायत अभिभावक, शिक्षक र विद्यार्थीवर्गको आतिथ्यमा सम्पन्न कार्यक्रममा उप-प्रचार्य शाक्यले विद्यार्थीका अन्तर्निहित प्रतिभा उकास्न विद्यालयमा विभिन्न क्लब तथा समूहमार्फत् काम भइरहेकोमा मञ्चका गतिविधिबाट विद्यार्थीले आफ्ना सिर्जनात्मक खुबी माझ्न सहयोग पुग्ने उल्लेख गरे।

पत्रिकामा मूलतः विद्यार्थीले सिर्जना गरेका साहित्यिक विधाका लेख रचना तथा चित्रकला समावेश गरिएको छ।

दीप साहित्य कला मञ्च रूपन्देहीमा १५ जनाको कार्यसमिति छ भने उक्त पत्रिकाको प्रधान सम्पादक छवि ज्ञवाली, कार्यकारी सम्पादक प्रेम परियार तथा सम्पादन मण्डलमा विपिन ढकाल, मिलन पौडेल र अमृत गैरे रहेका छन्।

यसैबिच विद्यालयमा सम्पन्न अक्षरारम्भ कार्यक्रममा बालकक्षा र नर्सरीमा नयाँ विद्यार्थी भर्नाका निम्ति तोकिएको सङ्ख्या पूरा भएको विद्यालयले जानकारी दिएको छ।




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com